नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

ठाकुरद्वारा, बर्दिया

प.सं : ०८२।०८३
च.न.:

मिति : २०८२।११।०५
नेपाल सम्वत् ११४६

**विषयः खरखडाई संकलन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १६(क) मा भएको व्यवस्था र मध्यवती क्षेत्र व्यवस्थापन समितिको मिति २०८२।१०।२५ गते बसेको बैठकको निर्णय अनुसार विगतका वर्षहरुमा झै यस वर्ष पनि बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुका लागि मिति २०८२।११।२४ गते देखि मिति २०८१।११।२५ गते सम्म (दिन २) निकुञ्ज क्षेत्रवाट खरखडाई संकलन गरि निकासी गर्ने सुविधा प्रदान गरिने भएकोले खरखडाई संकलन गर्न चाहने व्यक्तिले मिति २०८२।११।२२ गते देखि मिति २०८२/११/२३ गतेसम्म खरखडाई पूर्जी दस्तुर रु ५० (मु.अ.कर सहित) र संरक्षण शुल्क रु ५० गरि जम्मा रु १०० जम्मा गरि यस कार्यालय अन्तर्गतको ठाकुरद्वारा र रम्मापुर सेक्टर, वनखेत, डल्ला, बञ्जरिया, भुरिगाउं, भासताल, पुर्वी चिसापानी र चेपाङ रेञ्जपोष्ट, ओखरिया, मोतिपुर, कर्णाली चिसापानी, अग्रेनी, सैनवार, परेवाओडार, थुमनी, बेतहनी, हर्रे, लेखपराजुल, बांसपानी, तेलपानी, तरंगा र राजकांडा पोष्टहरु र वर्दिया हात्तीसार शाखावाट खरखडाई पूर्जी लिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । खरखडाई गर्ने व्यक्तीहरुले तपसिलमा उल्लेखित नियमहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । खरखडाई संकलन अवधि भर निकुञ्ज क्षेत्र भित्र सम्पूर्ण पर्यटकिय गतिविधि र यस कार्यालयको आन्तरिक वाहेकका अन्य कामकाज बन्द रहनेछन् ।

<u>तपसिल</u>

नाकाहरु : खरखडाई संकलन गर्न प्रवेश गर्न र निकासी गर्न प्रत्येक उपभोक्ता समितिहरुको क्षेत्रमा तपसिलमा उल्लेख गरिए बमोजिमका नाकाहरु तोकिएका छन् । सो नाका भन्दा बाहेकको क्षेत्रवाट प्रवेश गर्न र निस्कन पाईने छैन ।

१. पाताभार उपभोक्ता समिति : ढुकुनिया घाट, माधवपुर घाट र ओखरिया घाट ।
२. गेरुवा उपभोक्ता समितिः गोला घाट, राजीपुर, खल्लागाउँ, शान्तीपुर र रजबन्धुवा घाट ।
३. असारेगौडी उपभोक्ता समितिः मनाउ घाट ।
४. विन्द्रा उपभोक्ता समितिः विन्द्रा घाट ।
५. ठाकुरबाबा उपभोक्ता समितिः हात्तीसार, ठाकुरद्वारा निकुञ्ज गेट, वेतहनी एन.टि.एन.सि. गेट, चिकैया टाइगर-टप्स गेट, गोब्रेला गेट र गुरुवाने घाट ।
६. शिवपुर एकिकृत उपभोक्ता समितिः प्रतिक्षालय र मोतिप्र पोष्ट । धैरानटोल, रजकुला, बनखेत गोष्ट, खोकरपुर, बग्निहा फांटा, लठुवा
७. श्रीरामनगर उपभोक्ता समितिः अग्रेनी, बलाती, कर्मला, भ्रिगाउँ र इमेनी ।
८. बबई उपभोक्ता समितिः पुरानो सैनबार पोष्ट, सैनवार बेरियर र बर्गदा ।
९. करेलिया उपभोक्ता समितिः परेवा ओडार, बुढीखोला, राजकुला, पांच नम्बर, रम्मापुर सेक्टर र औरी ।
१०. भादा उपभोक्ता समितिः थानफेना, दुध्धा, ढकैला पोष्ट र भादा खोला ।
११. कोलडाँडा मिलिजुली उपभोक्ता समितिः थुमनी पोष्ट, बेलौली र भासताल ।
१२. बाघखोर उपभोक्ता समितिः च्यामा खोला, रांझा विचटोल, धैरेनिजलजला, बेतहनी पोष्ट र अमोहिया ।
१३. सिद्धपुरी उपभोक्ता समितिः च्यामा खोला, करेली खोला र चिसापानी रेञ्जपोष्ट ।
१४. चेपाङ उपभोक्ता समितिः चेपाङ रेञ्जपोष्ट ।
१५. छिन्चु उपभोक्ता समितिः हर्रे पोष्ट ।
१६. लेखपराजुल उपभोक्ता समितिः मनिरामकांडा, माथिल्लो भर्‍याङ, लेखपराजपुल पोष्ट, थर्मुसे र लेखपराजुल
१७. हरिहरपुर उपभोक्ता समितिः तेलपानी, बांसपानी र नारासोती
१८. तरंगा सिद्धचुली उपभोक्ता समितिः गाईनेकांडा, राजकांडा, सुकुरमाला लेक, नरसिङकांडा लेक र हर्रेकांडा

फोन नं.: ०८४–४०२०१२, ईमेल: bardiyanationalparkoffice@gmail.com

वरिष्ठ संरक्षण अधिकृत

CamScanner

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

ठाकुरद्वारा, बर्दिया

प.सं : ०८२।०८३
च.न.:

मिति : २०८२।११।०५
नेपाल सम्वत् ११४६

## खरखडाइ संकलनको क्रममा पालना गर्नुपर्ने शर्तहरु :

१. वन्यजन्तुबाट हुन सक्ने सम्भावित दुर्घटनाबाट बच्न निकुञ्ज प्रवेश गर्दा समुहमा हिड्ने र सुरक्षाका उपायहरु अपनाउनु पर्नेछ । व्यक्तिगत लापारवाहीबाट हुन सक्ने दुर्घटनाको व्यक्ति स्वयं जिम्मेवार हुनुपर्नेछ ।

२. खरखडाई संकलन गर्न जाने व्यक्तीको साथमा खरखडाई पुर्जी र संरक्षण शुल्कको पुर्जी अनिवार्य रुपमा हुनुपर्ने छ । सो पुर्जी निकुञ्जबाट खटिएको गस्ति टोली वा उपभोक्ता समिति CBAPU समूहको निगरानी टोलीले चेकजाँच गर्न चाहेको बखत अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

३. खरखडाई संकलन गर्न विहान ७:०० बजे निकुञ्ज प्रवेश गरि सांझ ५:०० बजे भित्र बाहिर निस्किसक्नु पर्नेछ ।

४. खरखडाई, बनकस, नकंट बाहेक अन्य वन पैदावार संकलन तथा निकासी गर्न पाईने छैन । कुनै पनि व्यक्तिले तोकिएको बाहेकका काठ, दाउरा, बांस, गोल, माछा र बन्यजन्तुका आखेटोपहार वा यस्तै प्रतिबन्धित वस्तुहरुको निकासी गरेको पाईएमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ र बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली २०५३ बमोजिम कारवाही गरिनेछ ।

५. खरखडाई, बनकस र नर्कट निकासी गर्ने डोरी र बोक्ने काठ साथमै लिएर जानु पर्नेछ। निकुञ्ज भित्रबाट पटुवा र खरखडाई बोक्ने काठ काटी निकासी गरेको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

६. आ-आफ्नो क्षेत्रमा हानी नोक्सानी नियन्त्रण गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, उपभोक्ता समूह, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह र चोरिशिकार नियन्त्रण युवा परिचालन अभियान उप-समितिहरुको हुनेछ ।

७. कुनै उपभोक्ता समितिको क्षेत्रवाट अवैध क्रियाकलाप भएमा वा सो को रोकथाम सम्बन्धीत उपभोक्ता समितिले नगरेमा त्यस्ता उपभोक्ता समितिलाई निकुञ्ज र निकुञ्जबाट सञ्चालित आयोजनाबाट प्रदान गरिदै आएको सुविधाहरु बञ्चित गरिनेछ ।

८. खरखडाई काट्न जाँदा, हसिया आंसी, डोरी, बोक्ने भाटा बाहेका अन्य हातहतियार, विष र पासो आदी साथमा लिएर गएको पाईएमा कडा कानुनी कारवाही गरिनेछ । साथै निकुञ्ज भित्र कागज, कपडा, प्लास्टिक जन्य फोहर र आगो लाग्ने सामान आदी लैजान र फाल्न पाईने छैन ।

९. विद्युतिय तारवार तथा पोल विगार्ने र तोकिएको नाका बाहेकका क्षेत्रबाट तारवारलाई असर पर्ने गरि प्रवेश गर्ने तथा खरखडाई निकासी गर्ने व्यक्तिलाई प्रचलित नियम अनुसार कारवाही गरिनेछ ।

१०. गेरुवा नदी पश्चिमका डुङ्गा प्रयोग गर्नु पर्ने उपभोक्ताहरुका लागि सम्बन्धित उपभोक्ता समिति वा सो अन्तर्गत रहेको चोरी शिकार नियन्त्रण युवा परिचालन अभियान उप-समितिमा डुङ्गा दर्ता गरि सोको जानकारी सम्बन्धीत रे.पो/पोष्टमा दिनुपर्नेछ। अन्यथा डुङ्गा प्रयोग गर्न पाईने छैन ।

११. अवैध क्रियाकलापमा संलग्न मानिसहरुलाई पक्राउ गरि कारबाहीको लागि पेश गर्ने उपभोक्ता समिति, उपसमिति, चोरी शिकार नियन्त्रण युवा परिचालन अभियान उपसमिति वा व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१२. अन्यको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

..............
डा. अशोक कुमार राम
बरिष्ठ संरक्षण अधिकृत

फोन नं.: ०८४–४०२०१२, ईमेल: bardiyanationalparkoffice@gmail.com,